2/22/22, 1:45 PM IMG_20221219_114454.jpg


वीरेन्द्रनगर नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

वीरेन्द्रनगर सुर्खेत

कर्णाली प्रदेश, नेपाल

(............................ शाखा)

☎ ०८३-५२०२६३
०८३-५२०१८८
०८३-५२०११८


पत्र संख्या २०७९/०८०

चलानी नम्बर -

मिति २०७९/०९/०३

## सूचना ! सूचना !! सूचना !!!

गौशाला सञ्चालनका लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति २०७९/०९/०४)**

वीरेन्द्रनगर नगरपालिका भित्र सामुदायिक पशु (वेवारिसे रुपमा छाडीएका गाई गोरु) को समुचित व्यवस्थापन गरी वीरेन्द्रनगरलाई सफा, स्वच्छ, सुन्दर र सुरक्षित शहर बनाउन एवम् पशु अधिकारको संरक्षण गर्न नगरपालिकाको वडा नं. ११ भेरी पुल उत्तरमा रहेको गौशालाको सञ्चालन तथा व्यवस्थापन संस्थागत क्षेत्रगत मार्फत गरिने भएकोले इच्छुक प्रचलित कानून बमोजिम समूह वा सहकारी वा कम्पनीवा गैरसरकारी संघ संस्थाको रुपमा दर्ता भइ देहायको योग्यता पुगेका संस्थागत क्षेत्रले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र तपसिल अनुसार तोकिएको ढाँचामा प्रस्ताव सहित तपसिलका कागजात साथै राखी यस कार्यालयको पशु सेवा शाखामा पेश गर्नुहुन सामुदायिक पशु व्यवस्थापन कार्यविधि, २०७९को दफा १७ को उपदफा (१) बमोजिम सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

(क) योग्यताः

(१) समूह वा सहकारी वा कम्पनी वा गैरसरकारी संघ संस्थाको रुपमा प्रचलित कानून बमोजिम दर्ता भइ निम्न अनुसार योग्यता भएको।

(१) स्वीकृत विधान वा प्रबन्ध पत्र वा विनियम वा नियमावलीमा गौशाला व्यवस्थापन सम्बन्धी उद्देश्य तथा कार्य रहेको।

(२) कम्तिमा पालिका भित्र कार्यक्षेत्र रहेको।

(३) पालिकाको क्षेत्र भित्र स्थायी बसोबास भएका कम्तिमा ५० जना भन्दा बढी शेयर सदस्य वा सदस्य रहेको।

(४) व्यवसायिक कार्य गर्नको लागि शेयर पूंजी वा संस्थागत पूंजी रहेको।

(५) स्वीकृत विधान वा प्रबन्ध पत्र वा विनियम वा नियमावलीमा संस्थागत आत्मनिर्भरताको लागि कोष स्थापना गर्ने व्यवस्था रहेको।

(६) सहकारीको हकमा कृषि तथा पशुपालन सम्वन्धि कार्य गर्दे आएको र गौशाला तथा सरसफाइ सम्बन्धी उद्देश्य रहेको।

(७) कालो सूचीमा नपरेको एवम् भ्रष्टाचार जन्य कसुरमा सजाए नपाएको स्वघोषणा गरेको।

(ख) तपसिलः आवश्यक कागजातहरु।

(१) प्रस्तावक वा आवेदकको निवेदन वा पत्र, २) अनुसूची-२ बमोजिमको ढाँचाको प्रस्ताव,

(३) दर्ता प्रमाण पत्रको प्रतिलिपि,

(४) दर्ता अद्यावधिक नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि र सहकारी संस्थाको हकमा साधारण सभा सम्पन्न गरेको निर्णयको प्रतिलिपि, (५) कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,

(६) प्रस्ताव पेश गर्ने सम्बन्धमा गरेको निर्णयको प्रतिलिपि (७)लेखापरीक्षण प्रतिवेदन,

(८) प्रस्ताव अनुसार योग्य भएको खुल्ने अन्य कागजातहरु

(२) प्रस्ताव छनौटको आधारहरु तथा विधिः सामुदायिक पशु व्यवस्थापन कार्यविधि, २०७९ बमोजिम छनौट गरिनेछ।

थप जानकारीका लागि सम्बन्धित कार्यालयको सम्पर्क फोन नम्बरहरु :-९८४८०४५८८३

प्रमुख प्रशासकीय अधिकृत



https://mail.google.com/mail/u/2/?ogbl#inbox/FMfcgzGrbcGcQHgTDPnXCpwKblwQlhhL?projector=1&messagePartId=0.1

1/1

Scanned with CamScanner